# स्थानीय राजपत्र

निस्दी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८,  संख्या ३,  मिति २०८१/०६/०७


## भाग १

## निस्दी गाउँपालिका

## लुम्बिनी प्रदेश, नेपाल

### ममर्त सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८१

निस्दी गाउँपालिका भित्र उपभोक्ता समितिबाट निर्माण भै संचालन भएका योजनाहरुबाट कट्टा गरी निर्मित मर्मत सम्भार कोष संचालनमा सरलता, सहजता र एकरुपता कायम गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा(२) बमोजिम निर्मित "**ममर्त सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८१**" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्य पालिकाले जारी गरेको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## मर्मत सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८१

**कार्यापालिकाबाट पारित मितिः-२०८१/०६/०७**

प्रस्तवनाः-

गाउँपालिकाभित्र उपभोक्ता समितिबाट निर्माण सञ्चालन भएका योजनाबाट १.५ प्रतिशत रकम कट्टा गरी कोषमा जम्मा गर्ने तथा सो रकमलाई ब्यवस्थित रुपमा खर्च गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले प्रशासकिय कार्यबिधि (नियमित)गर्ने ऐन,२०७४ बमोजिम मर्मत सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि बनाई लागु गरिएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यबिधिको नाम मर्मत सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि हुनेछ।

(ख) यो कार्यबिधि निस्दी गाउँपालिका गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ।

२,परिभाषाः

बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) ऐन,भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र गाउँपालिकाको प्रशासकिय कार्यबिधि (नियमित गर्ने) ऐन,२०७४ लाई सम्झनुपर्दछ।

(ख) आर्थिक नियम भन्नाले सार्वजनिक खरिद ऐन,नियमावली तथा अन्य प्रचलित आर्थिक कार्यप्रणाली सञ्चालन गर्ने कानुन सम्झनुपर्दछ।

(ग) गाउँ पालिका भन्नाले निस्दी गाउँपालिकालाई सम्झनुपर्दछ।

(घ) अध्यक्ष भन्नाले निस्दी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) समिति भन्नाले मर्मत सम्भार कोष सञ्चालन ब्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले निस्दी गाउँपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनुपर्दछ।

३, कार्यबिधिको उद्देश्यः

यस कार्यबिधिको उद्देश्य निस्दी गाउँपालिकाभित्र उपभोक्ता समितिबाट निर्माण सम्पन्न हुने योजनाहरुबाट मर्मत सम्भार कोषमा १.५ प्रतिशत रकम कट्टी गरि सो रकमको उपयोगमा गाउँपालिका क्षेत्र भित्र एकरुपता र सहजता ल्याउनु रहेको छ। साथै बढीमा रु ३ लाख सम्म मर्मत सम्भार खर्च लाग्ने गाउँपालिका भित्रका सडक, खानेपानी, सिंचाई, बिद्युत, भवन, इन्टरनेट र अन्य योजनाहरुको मर्मत सम्भार संरक्षण र सम्बर्द्धन गर्नु हो।

**भाग -२**

४. मर्मत सम्भार कोष सञ्चालन तथा ब्यवस्थापन समितिः

(क) मर्मत सम्भार कोष सञ्चालन ब्यवस्थापन, निर्देशन अनुगमन, मूल्यांकनको लागि देहाय बमोजिमको समिति रहनेछ

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य |
| पूर्वाधार बिकास शाखा प्रमुख | -सदस्य सचिव |

(ख) समिति को बैठक आवश्यकता अनुसार बस्नेछ।

(ग) समितिको बैठकमा सम्बन्धित कुनै पदाधिकारी या संस्थाको प्रतिनिधिलाई आवश्कयता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(घ) पालिकाको सम्पन्न भैसकेका योजना मर्मत सम्भार गर्नुपरेमा आवश्कयता पहिचान तथा मर्मत सम्भारको सिफारिस सम्बन्धित वडाले गाउँपालिकामा दिनुपर्नेछ।

(ङ) गाउँपालिकामा निबेदन दर्ता भएपछि प्रमुख प्रशासकिय अधिकृतले प्रबिधिकलाई खटाई मर्मत सम्भार गर्नुपर्ने भौतिक पूर्वाधारहरुको लागत अनुमान तयार गर्न लगाउनुपर्नेछ।

(च) प्राबिधिकबाट लागत अनुमान प्राप्त भएपछि . मर्मत सम्भार कोष सञ्चालन ब्यवस्थापन समितिको बैठकबाट निर्णय गराई मर्मत गर्ने आदेश प्रमुख प्रशासकिय अधिकृतले दिनुपर्नेछ।

(छ) योजनाको मर्मत सम्भार कोषको रकमलाई एकमुष्ट एउटै खातामा जम्मा गरी आवश्कयता अनुसार सबै वडाभित्र सर्मत सम्भारमा खर्च गर्न सकिनेछ।

(ज) गाउँपालिम्का भित्रका सडक पूर्वाधारहरुको मर्मत सम्भार र संरक्षणको लागि ब्यवस्थापन समितिको निर्णयानुसार अत्यावश्यक अवस्थामा लेन्थवर्करलाई मासिक रु ८०००/- दिने गरी कामकाजमा लगाउन सकिनेछ । यसरी लेन्थवर्करमा काम गर्ने ब्यक्ति १८ बर्ष भन्दा माथी र ५० बर्ष ननाघेको आर्थिक रुपमा विपन्न दलित एकल महिला र सम्बन्धित मर्मत सम्भार गर्नुपर्ने क्षेत्र नजिक बसोबास भएकोलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।

(झ) लेन्थ वर्कर वडाले छनौंट गरी भर्ना गरिनेछ । प्रबिधिकबाट लेन्थ वर्करको कामको मूल्यांकन गराई भुक्तानी गरिनेछ।

(ञ) कार्यसम्पन्न पश्चात प्रबिधिक मूल्यांकन र वडाको सिफारिसको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी गरिनेछ । रु २० हजार सम्मको मर्मत कार्य गर्दा प्राबिधिक लागतको आवश्कता पर्ने छैन । तर अनुगमन र मूल्यांकन आवश्यक पर्नेछ साथै डोर हाजिरी र बिल भरपाईको आधारमा भुक्तानी गरिनेछ ।

(ट) रु ५० हजार भन्दा माथीको मर्मत सम्भार गर्नुभन्दा अगाडी मर्मत सम्भार कोष ब्यवस्थापन समितिको निर्णय र प्राबिधिक लागत अनुमानको आधारमा मात्र मर्मत आदेश गरिनेछ ।

(ठ) मर्मत सम्भार कोषको रकमबाट नियमित आवधिक र महत्वपूर्ण योजनाको मर्मत मात्र गर्नुपर्नेछ । सडक चौड बिस्तार नयाँ ट्र्याक खोल्न कल्वर्ट पुलपुलेसा निर्माण भवन निर्माण नयाँ सिंचाई तथा खानेपानी योजनासञ्चालन र ठुला संरचना तथा कार्य गर्न पाईनेछैन । सामान्य टुटफूट जडान नियमित सम्भार र संरक्षणको काम मात्रै गर्नुपर्नेछ ।

(ड) मर्मत सम्भार कोषको प्रयोग ट्र्याक खुलेर नियमित तथा साप्ताहिक रुपमा यातायातका साधन चल्ने सडकमा मात्र लागु हुनेछ । त्यस्तैगरी निर्माण सम्पन्न भएका भवन सिंचाई र खानेपानीको सुचारु गर्नमा मात्र खर्च हुनेछ ।

(ढ) मर्मत सम्भार कोषको रकमबाट गरिने काममा जनसहभागीताको अंश समाबेश गरिनेछैन ।

## भाग- ३

५.विविध

(क) यस कार्यबिधिमा उल्लेखित प्रावधानहरुमा छुट हुन गई कुनै बिषयबस्तु थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही गाउँकार्यपालिकाको बैठकले संशोधन गर्न सक्नेछ ।

(ख) यस कार्यबिधिमा उल्लेखित गरिएका प्रावधानहरुका हकमा यसै कार्यबिधि अनुसार र उल्लेख नभएका बिषयबसतुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ग) यस कार्यबिधिमा लेखिएका प्रावधानहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतःनिष्क्रिय हुनेछ ।

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकिय अधिकृत